# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, वैशाख २९ गते २०३२ साल [अतिरिक्ताङ्क ६ (क)

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

जग्गा नाप जांच नियमहरू (संशोधन सहित), २०२३ को नियम ७ को उप-नियम (५) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले २०३० चैत्र मसान्तभित्र दायर भएको ललितपुर जिल्लाका उजूरीहरू कारवाई र किनारा गर्न उक्त नियमको ७ (२) को प्रयोजनको लागि अधिकारीमा भूमि प्रशासक श्री विष्णुप्रसाद खत्रीलाई समितिको सदस्य तोकेको छ।

समितिको कार्यावधि काम शुरू गरेको मितिले २०३२ साल आषाढ मसान्तसम्म तोकिएको छ।

समितिको कार्यावधि सम्मका लागि उक्त उजूरी हेर्ने अधिकार (२०३० चैत्रसम्म दायर रहेको मात्र) भूमि प्रशासक र शाखा अधिकृतहरूलाई रहने छैन।

आज्ञाले-

वासुदेव प्याकुरेल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।